# समग्र

सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार !

अंक-२३ आश्विन २०६८


## भित्र




पाँचौं साझेदारी बैठक ................२

सार्वजनिक सुनुवाइ कार्यक्रम ..२

सामाजिक परिवारको सूचना अद्यावधिक ..................................३

कर्मचारीहरूको व्यवस्थापन......३

सापको शान्तिपूर्ण अभियान ...३

आव ०६७/६८ को लेखापरीक्षण प्रतिवेदन ..................................३

सफलताको कथा ....................४



सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,**

हस्पिटल मार्ग, चाबहिल,

पो.ब. नं. : १३२७८, काठमाडौं,

फोन नं. ४४६९६४९, इमेल: info@samagra-nepal.org.np,

वेभसाइट: www.samagra-nepal.org


# केन्द्रीय कार्यशाला गोष्ठी सम्पन्न

२०६८ भाद्र ३१ गतेदेखि आश्विन २ गतेसम्म काभ्रेपलाञ्चोकको बनेपा वडा नं १० बुडोलस्थित चेतना केन्द्रमा तीनदिने कार्यशाला गोष्ठी सम्पन्न भयो । उक्त गोष्ठीमा सप्तरी, उदयपुर, सिरहा, धनुषा, महोत्तरी, लमजुङ, गोरखा, धादिङ र केन्द्रीय कार्यालयका कर्मचारी तथा कार्यसमितिका पदाधिकारीहरूसमेत गरी २३ जनाको सहभागितामा थियो ।

आ. व. २०६७/०६८ मा कार्यक्रम सञ्चालन भएका जिल्लाहरूमा पाइएका सफलताहरू, बाँकी रहेका चुनौतीहरू र त्यसबाट सिकेका असल कामलाई यो वर्ष समावेश गर्दै विपन्न जनता र महिलाहरूबीच बढी प्रभावकारी रूपमा कार्यक्रम पुऱ्याउने उद्देश्यका साथ यो गोष्ठी सञ्चालन गरिएको थियो भने एक अर्काका सिकाइहरू र अनुभव साटासाट गर्ने मौका पनि थियो यो भेट-घाट ।

उद्घाटन सत्र संस्थाका महासचिव दुर्गादत्त धिमिरेबाट पानसमा दीप प्रज्वलन गरी सुरु गरिएको थियो । सहभागीहरूलाई संस्थाका तर्फबाट कार्यकारी निर्देशकले तीन दिनको यो बसाइमा ती गाउँमा हामीलाई पर्खने र खोज्नेहरूका लागि हितकारी बनाउन सकियोस् भन्दै स्वागत गर्नुभएको थियो ।

भाद्र ३१ गते बिहान ८:०० बजे सुरु भएको गोष्ठी आश्विन २ गते दिउँसोको खाजापछि समापन गरियो । समापनमा सहभागीहरूलाई प्रमाण-पत्र वितरण गर्दै संस्थाका अध्यक्ष बालकृष्णलाल जोशीले कर्मथलोमा पुगेर आवाजविहीन र मौकाविहीन मानिसहरूलाई ज्ञान, सीप र



सूचना दिनुहोला, तपाईंले पनि शान्तिपूर्ण रूपमा समाज परिवर्तनका लागि आवाज उठाउन सक्नुहुन्छ, त्यसैले सामाजिक




परिवारमा बसेर आफ्नो गाउँ-टोलको विकास आफैँ गर्न सक्नुहुन्छ, भन्ने सन्देश पुर्‍याउनुहोला भन्दै कार्यशाला गोष्ठी समापन गर्नुभयो ।
सहभागीहरू छलफलमा कस्तो व्यस्त भएछन् भने पहिलो दिन साँझ ६.८ रेक्टर स्केलको भूकम्पको धक्का सामान्य मात्र महसुस गरे तर यो भूकम्पले काठमाडौंको लैनचौरमा पर्खाल ढलेर ३ जना र धरानमा थप २ जनाको ज्यान गएको त टेलिभिजनले समाचार प्रशारण गरेपछि मात्र थाहा पाए। समाचार सुनिसकेपछि प्रतिक्रिया व्यक्त गर्दै थिए- हैन यति ठूलो जस्तो त लाग्दैन थियो है भन्दै सबैले आश्चर्य माने ।

**गोष्ठीको निचोड :**

उत्प्रेरक र स्वयम्सेवकको भूमिका ग्रामीणतहका लागि ठूलो छ जसको सही सूचना, प्रेरणा, मिहिनेत र सम्पर्कद्वारा गाउँमा पुर्‍याउने कार्यक्रम बढी प्रभावकारी हुनुका साथै दलित, महिला, पीडित, पछाडिपरेका र विपन्न समुदायलाई जागरुक गराई कर्मक्षेत्रमा लगाउन सहयोग पुग्छ। त्यस्तै विभिन्न सीपद्वारा उनीहरूलाई आत्मनिर्भर तुल्याउनका अतिरिक्त आफ्नो हक-अधिकारका बारेमा जानकार भई स्रोतसाधनमा पहुँच स्थापना गरी ग्रामीण विपन्नतालाई क्रमश: सम्पन्नतातर्फ लैजान सक्छन्। त्यसका लागि यो गोष्ठीमा सिकेका कुरहरु जस्तै : कार्यक्रम सञ्चालन गर्ने विधि, नतिजामुखी अनुगमन र मूल्याङ्कन गर्ने तरिका सिकाई सशक्तीकरण गराउने, समावेशीकरण तर्फ आवाज बढाउने, नीतिनियम परिवर्तन गर्ने र पुँजी निर्माण गर्ने तरिका सिकाइएको थियो ।

एक-अर्कालाई बडादशैं, दीपावली र छठ पर्वका शुभकामना आदान-प्रदान गर्दै सबै आ-आफ्नो गन्तव्यतर्फ लाग्दै भन्ने गर्थे फेरि भेटौंला है ..............!

# पाँचौं साझेदारी बैठक

साझेदारी संस्थाहरूको पाँचौं बैठक समग्रका अध्यक्ष बालकृष्णलाल जोशीको अध्यक्षतामा समग्रको केन्द्रीय कार्यालय चाबहिलमा सम्पन्न भयो। सो बैठकमा डानिडाह्युगोका मानवअधिकार सल्लाहकार मुकुन्द कट्टेल, वित्तीय व्यवस्थापक प्रवीण अमात्य तथा समग्रका कार्यकारी निर्देशक डोरनाथ न्यौपानेसहित ७ जनाको उपस्थिति थियो । यस बैठकमा आ.व. २०६७/६८ को प्रगति समीक्षा, वार्षिक अनुगमन मूल्याङ्कन टोलीको प्रतिवेदनको समीक्षा तथा आ.व. २०६८/६९ को वार्षिक कार्यक्रम तथा बजेटको विषयमा छलफल भयो ।



# सार्वजनिक सुनुवाइ कार्यक्रम

धादिङ जिल्लाको तसर्पु गाविसमा रहेका ८ वटा सामाजिक परिवारहरूमा गरिबी निवारण कोषबाट प्राप्त भएको रकमको आम्दानी-खर्च, लगानी रकमको विवरण र अन्य कार्यक्रम तथा उपलब्धिहरूकोबारेमा



सरोकारवालाहरूलाई जानकारी दिनुका साथै पारदर्शिताका लागि साप स्तरीय सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रमा सरोकारवाला नागरिकहरू तथा संघ-संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको र त्यस गाविसमा गरिबी निवारण कोषबाट रु.१५,५५,२५८।- लगानी भएको,

यसबाट ३६० घरधुरीका सदस्यहरू आयआर्जन कार्यमा लागेका र उनीहरूको आर्थिक उपार्जनमा टेवा पुग्दै गएको सामाजिक परिचालक सुभद्रा तामाङ बताउँछिन् ।

## सामाजिक परिवारहरूको सूचना अद्यावधिक

सिरहा, सप्तरी, उदयपुर, धनुषा, महोत्तरी, गोरखा, धादिङ र लमजुङमा रहेका ३ सय १९ वटा सामाजिक परिवारहरूको सूचना अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ । यसमा ९,०३९ घरधुरीको आधारभूत सूचना फाराम भर्ने कार्य गरियो ।

## कर्मचारीहरूको व्यवस्थापन

धादिङ जिल्ला संयोजक/वरिष्ठ उत्प्रेरक श्री रुद्रनाथ कोइराला लमजुङ जिल्लामा र लमजुङ जिल्लामा कार्यरत संयोजक/वरिष्ठ उत्प्रेरक श्री बलभद्र राउत उदयपुर जिल्लामा स्थानान्तरण भएका छन् । त्यसै गरी धादिङको संयोजकमा श्री कवि पुडासैनी तथा एन्जिता श्रेष्ठ केन्द्रीय कार्यालयको मेसेन्जरमा नियुक्त भएका छन् ।

## सापको शान्तिपूर्ण अभियान

सिरहा जिल्ला सीतापुर गाविसका सचिव थेकु यादवले व्यक्तिगत घटना दर्ता गर्न, वृद्ध भत्ता बुझ्न र अन्य कानुनी कार्यका लागि आउने महिलाहरूलाई आफ्नो घरको काम लगाउने गरेको र काम गर्न इन्कार गर्नेलाई गाविसबाट गरिदिनुपर्ने काम नगरी दुःख दिने गरेको, आफू गाविस कार्यालयमा नबसी सबै सरकारी काम घरबाटै चलाउने गरेको थियो । त्यो कुरा सापहरूले थाहा पाएपछि त्यस गाविसमा रहेका मिलन, माँदुर्गा र श्रीराम सामाजिक परिवारको नेतृत्वमा पीडित पक्षहरूले गाविस सचिवको विरुद्धमा शान्तिपूर्ण आन्दोलन चलाए । उनीहरूले गाविसमा धर्ना दिनुका साथै जिविस सिरहामा कारबाहीको माग गर्दै ज्ञापनपत्र बुझाएका थिए । जिविसले छानबिन गरी तीन गाविस सचिवलाई सेवाबाट निष्कासित गरेको छ ।

# आ.व. ०६७/०६८ को लेखापरिक्षण प्रतिवेदन

**समग्रको आ. व. ०६७/६८ को लेखा परीक्षण सम्पन्न भई त्यसको प्रतिवेदन सार्वजनिकसमेत गरिएको छ ।**

## आय-व्यय विवरण

| आम्दानीतर्फ :- | |
|---|---|
| गत आ.व.०६६/६७ को मौज्दातबाट | रु.९,१७,५००.२७ |
| डानिडाह्युगोबाट | रु.१,००,००,०००.०० |
| गरिबी निवारण कोषबाट | रु.३,५७,३७८.०० |
| जि.वि.स. लम्जुङबाट | रु.१,५४,०००.०० |
| संस्थागत आम्दानीबाट | रू.७०,४४१.०० |
| **कुल आम्दानी** | **रु.१,१४,९९,३१९.००** |
| **खर्चतर्फ :-** | |
| **प्रशासनिक तथा शीर्षकअनुसारको खर्च** | **रु.३८,२०,७२४.००** |
| • पारिश्रमिक | रु.२५,००,६८०.०० |
| • भ्रमण तथा यतायात खर्च | रु.३,५६,६४७.०० |
| • घरभाडाहरू (केन्द्र तथा जिल्लाको समेत) | रु.५,१६,१६५.०० |
| • अन्य सञ्चालन खर्चहरू | रु.४,४७,२३२.०० |
| कार्यक्रम सञ्चालन खर्च | रु.६२,२२,१६७.०० |
| **सम्पत्तितर्फ** | **रु.२,६८,९१४.००** |
| गत वर्षको दायित्व | रु. ३५,०००.०० |
| **कुल खर्च** | **रु.१,०३,४६,८०५.००** |
| **आ.व. ०६७/०६८ को बचत मौज्दात** | **रु.११,५२,५१४.००** |

## वासलात

| क्र.सं. | सम्पत्ति | रकम |
|---|---|---|
| १ | **चालु सम्पति** | |
| | पेस्की तथा प्राप्ति | रु.५४,०००.०० |
| | नगद तथा बैँक मौज्दात | रु.२,५९३,८५७.७५ |
| | **जम्मा चालु सम्पत्ति** | **रु.२,६४७,८५७.७५** |
| २ | जिल्लाहरूमा घुम्तीकोष परिचालन | रु.९,९९५,४००.०० |
| ३ | स्थिर सम्पत्ति | रु.७०५,६८५.२२ |
| | **जम्मा सम्पत्ति** | **रु.१३,३४८,९४२.९७** |
| | | |
| **क.सं.** | **कोष तथा दायित्व** | |
| १ | **बचत तथा जगेडा** | |
| | बचत | रु.५६५,५७०.५२ |
| | घुम्ती कोष | रु.९,९९५,४००.०० |
| | पुँजीगत जगेडा (बास्केट फन्ड) | रु.४०६,९९९.५१ |
| | **जम्मा बचत तथा जगेडा** | **रु.१०,९६७,९७०.०३** |
| २ | **प्रोजेक्ट कोष** | |
| | बास्केट फन्ड | रु.७२५,७३६.१९ |
| | आन्तरिक कोष | रु.६६,९९१.०० |
| | **जम्मा प्रोजेक्ट कोष** | **रु.७९२,७२७.१९** |
| ३ | **चालु दायित्व तथा समायोजन** | |
| | सञ्चयकोष | रु.१,२९४,३४३.६३ |
| | दिनुपर्ने दायित्व | रु.२९३,९०२.१२ |
| | **जम्मा चालु दायित्व तथा समायोजन** | **रु.१,५८८,२४५.७५** |
| | **जम्मा कोष तथा दायित्व** | **रु.१३,३४८,९४२.९७** |

# सफलताको कथा



२०४८ आसारमा हर्दिया कमलपुरमा जन्मेका, बीएड् प्रथम वर्षमा लहानमा अध्ययन गरिरहेका राजदेव सामाजिक दायित्व बोध भएर होला २० वर्षको लहलहाउँदो उमेरमा सामाजिक कार्यमा सक्रिय छन् । बालबालिकाको जन्मदर्ता गराएका छन् । उमेर पुगेका कमलपुरका बालबालिकाहरू स्कुल जान्छन् । किनकि राजदेवले शिक्षाको महत्व बुझेका छन् । “सबैले एउटै पढेर हुँदैन । कसैले प्राविधिक शिक्षा, कसैले विज्ञान त कसैले अरू विषयको अध्ययन गर्नुपर्छ ।” उनी भन्छन् ।

साप भनेको के हो भनेर सोध्दा दलित मिलन सापका अध्यक्ष राजदेव भन्छन् “३०, ३५ घर मिलेर बनाएको संस्था हो साप । गठनपछि सबै जना कुरा बुझ्ने भए र उनमा चेतनाको विकास भयो । गाउँ पहिलेको जस्तो फोहोरी राख्न मन पराउँदैनन्, पहिलाभन्दा सफा हुँदै गएको छ, परिवर्तन आएको छ, शिक्षित हुँदै गएका छन् । क्रमश: व्यावहारिकतामा परिर्वतन आएको छ । अनिवार्य सिनो फाल्नुपर्ने जस्तो हाम्रा बुबाहरूको काम पढेलेखेका हामीले गर्दैनौं । यो नगर्दा पहिला ठूलो जातले हेला गर्ने, गाउँ निकाला गर्ने, समाजबाट बाहिर राख्ने आदि गर्थे । अब त्यो हिम्मत कसैले गर्दैनन् । शिक्षातर्फ आजको पिँढी आकर्षित भयो ।” साप गठनले के फाइदा भयो, साँच्चै नै सामाजिक एकता भयो त भनेर सोध्दा राजदेव सुनाउँछन् “सामाजिक जागरण आयो, एक-अर्कामा सहयोग गर्न थाल्यौं । मर्दा, बिरामी हुँदा एक अर्कामा सक्दो सहयोग गर्ने, मासिकरुपमा प्रत्येक सदस्यहरूबाट वचत रकम १०।- रुपैयाँ उठाउने गरेका छौं । हालसम्म १६ हजार जम्मा भएको छ । हाम्रो कोषको पनि आफ्नै चलन छ । यदि कोष घटेको छ भने आम्दानी भएको महिना हामी सहमति गरेर १ सय रुपैयाँ पनि उठाउँछौं । कोषको प्रयोग, बिरामी, मान्छेको मृत्यु, सुत्केरीलाई छाडेर अरूमा मासिक सयकडा दुई ब्याज लगाउने गरेका छौं । पछि कोष ठूलो हुन्छ अनि १।- रुपैयाँ ब्याजमा दिने विचार छ ।

पढिरहेका विद्यार्थीसँग परीक्षा दिनका लागि शुल्क तिर्न पैसा भएन भने पनि सापटी दिन्छौं । कोषबाट उत्पादनशील क्षेत्र पहिचान

> **“सामाजिक परिवारका सबै सदस्यहरुलाई आफ्नै कमाइबाट आफ्नो खुट्टामा उभ्याउन सक्ने र अरुसँग भीख माग्न वा हात थाप्नु नपरोस् भने लक्ष्य बनाएका छौं हाम्रो सामाजिक परिवारले ।”**

गरेर छिटो फाइदा हुने कार्यमा लगानी गर्ने विचार छ । माछापालनका लागि पोखरी खन्ने र माछापालन गर्ने सोच पनि बनाएका छौं ।” यो प्रेरणा कसबाट पाउनुभयो भन्दा राजदेव भन्छन्, “कमलपुर गाउँबाट एस.एल.सी.पास गर्ने पहिलो व्यक्ति मै हुँ, २०६५ सालमा मैले एस.एल.सी. उत्तीर्ण गरेको हुँ । त्योभन्दा पहिला हाम्रो गाउँबाट एस.एल.सी. पास गर्ने व्यक्ति कोही थिएनन् । हाम्रो दलित समुदायमा त यो सम्भव पनि भएन । तर मैले पढ्न पाउँदा सबै जातजातिका छोराछोरीसँग सङ्गत भयो । त्यसबाट हाम्रो समाजमा पनि नयाँ सुधार आयो । उच्च जाति भन्नेका छोराछोरी जस्तै र उनीहरूको गाउँ जस्तै सुन्दर र उज्यालो बनाउने इच्छा जागृत भयो, प्रेरणा आयो । ३१ घर सापमा हामी सबै दलित (राम) छौं । मेरो टोलमा ४० घर राममध्ये हामी ३१ घर सापमा छौं । अरू जातिका दलित सदा, कामी सबै गरेर जोड्ने हो भने त हामी ९० घरधुरी छौं । मुसहरी टोलमा ४० घर छन् । कामी ३ घर छन् । सदाहरूले पनि साप बनाएका छन् ।

व्यक्तिगत रूपमा मैले धेरै समस्या भोगेको छु । पहिलो कक्षामा पढ्दा नाङ्गै स्कुल गएको छु । दुई कक्षामा पढ्दा बुबाले ज्याला गरेर कट्टु किनिदिनुभयो । अहिले नयाँ पाइन्ट लगाउँदा पनि त्यति आनन्द लाग्दैन त्यतिखेर कट्टु लगाउँदा मलाई कस्तो महसुस भयो भने त्यो बताउन शब्द नै छैन । अर्को म भोकै स्कुल गएको छु । वनबाट दाउरा ल्याएर बेचेर मात्र घरमा खान पाइन्थ्यो । दोस्रो ज्याला मजदुरी गर्नु हाम्रो दैनिकी जस्तै थियो । मेरो बुबा घेडिलाल राम पहिलेदेखि नै सामाजिक परिवर्तन गर्न चाहनुहुन्थ्यो । पहिला कमलपुर स्कुलको अध्यक्ष हुनुभयो ५५ सालतिर । श्री भलुवाई सामुदायिक वन संरक्षण समिति हर्दिया ७, ८ र ९ को अध्यक्ष हुनुभयो । अहिले पनि केही न केहीमा सक्रिय हुनुहुन्छ । उहाँको भित्री चाहनाबाट नै ममा प्रेरणा आएको होला । चार भाइमध्ये कान्छो हुँ म । ममुनि दुईवटा बहिनी र अर्की दिदी गरी मेरी आमाले सात सन्तान हुर्काउनुभयो । सापले वृक्षरोपण, तरकारी खेती गर्ने, सागसब्जी लगाउने, आफ्नो खेती नभए पनि अरूको खेतमा गएर बट्टैया गरेको छ । अधियाँमा पाइन्थ्यो यसमा दुवैको लगानी हुन्छ, तर जन लगाउने, बीउ, पानी हामी गर्छौं । खेत उसले दिन्छ, मल र बीउ आधा-आधा गरिन्छ।”राजदेवका अगाडिका योजनाहरूमा एउटा सापका लागि बैठक कोठा बनाउने, दोस्रो भैंसीपालन, बाख्रापालन, बचत बढाउने र आफ्नै कोषबाट हाम्रो आश्यकता पूरा गर्ने, अरूकोमा ऋण गर्न नजाने । उनी भन्छन् “साहूसँग ऋण लिन गएमा मासिक सयको ५ ब्याज दिनुपर्ने चलन आज पनि हाम्रो गाउँमा जीवितै छ । लगानी लगाउनेले प्रतिमहिना ५ रुपैयाँ ब्याज लिन्छन् । गाउँमा विकास ल्याउने, जस्तै : सडक बनाउने, शिक्षामा सबैलाई अगाडि बढाउने, व्यवसाय, बन्दव्यापार गर्ने आगामी दिनका लागि मेरा नयाँ योजना हुन् । सामाजिक परिवारका सबै सदस्यलाई आफ्नै कमाइबाट आफ्नो खुट्टामा उभ्याउन सक्ने र अरूसँग भीख माग्न वा हात थाप्नु नपरोस् भन्ने लक्ष्य बनाएका छौं, हामी सापका सदस्यहरूले । वन संरक्षण कार्यालयमा कृषि वन कार्यक्रम छ- आँप, लिची, कटर, केरा, तेजपत्ता र सुपारी लगाएकामा आँप र लिचीले आम्दानी दिन थालेको छ, सुपारीको बिरुवा राम्रो भएन । सापकाबारे भन्दा म जस्ता युवा पुस्ताहरूले आ-आफ्नो गाउँमा साप बनाऊन्, मैले बीएड् गर्दै छु अरूले डिग्री गरून्, यो समाजमा गरिब दु:खी र दलितका लागि राम्रो संस्था होस् ।”